# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड९) जनकपुरधाम, नेपाल, असार ३१ गते, २०८२ साल (अतिरिताङ्क १ (क)

भाग १

## मधेश प्रदेश सरकार

## गृह, सञ्चार तथा कानून मन्त्रालय

## मधेश प्रदेश आर्थिक ऐन,२०८२

मधेश प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

सम्वत् २०८२सालको ऐन नम्बर १

प्रस्तावना: मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न कर लगाउने तथा राजस्व

संकलन र राजस्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

मधेश प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मधेश प्रदेश आर्थिक ऐन, २०८२" रहेको छ।

(२) यो ऐन आर्थिक वर्ष २०८२/०८३ (२०८२ साल साउन १ गते देखि २०८३ साल असार मसान्त) सम्म मधेश प्रदेशभर लागू रहनेछ।

२. **घर जग्गा लगायतको रजिष्ट्रेशन शुल्कः** (१) प्रदेश भित्र घर, जग्गा र घरजग्गा लगायतको रजिष्ट्रेशन गर्दा अनुसूची-१ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क, रोक्का दस्तुर लगायतका कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाका बखत सम्बन्धित स्थानीय तहले संकलन गर्नुपर्नेछ।

(३) स्थानीय तहको साधन, श्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालयले यस ऐनले निर्धारण गरे बमोजिमको दर अनुसारको घर जग्गा रजिष्ट्रेशन शुल्क उठाई चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोष र साठी प्रतिशत रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा मासिक रुपमा जम्मा गर्नुपर्नेछ

(४) उपदफा (३) बमोजिमको राजस्व बाँडफाँटको विवरण प्रत्येक महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको राजस्व सम्बन्धी विषय हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम सेवा शुल्क तथा रोक्का दस्तुर उठाई प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

(६) उपदफा (२) र (३) बमोजिमको निकायले घर, जग्गा, घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगायतका शुल्क तथा दस्तुरहरु संकलन गर्ने प्रयोजनका लागि प्रदेश सरकारले एकीकृत सफ्टवेयर (विद्युतीय प्रणाली) निर्माण गरेमा सोही प्रणालीमा शुल्क र दस्तुर उठाउने तथा बाँडफाँट गर्नुपर्नेछ।

३. <u>सवारी साधन करः</u> (१) अनुसूची-२ बमोजिम सवारी साधन कर, सवारी साधन दर्ता प्रमाण पत्र, सवारी साधन दर्ता प्रमाणपत्र नवीकरण दस्तुर, सवारीको अस्थायी दर्ता दस्तुर, सवारी जाँचपास प्रमाणपत्र दस्तुर, विदेशमा दर्ता भएका सवारी चलाउने अनुमती पत्र दस्तुर, विदेशी चालकलाई सवारी चलाउन दिइने अनुमतिपत्र दस्तुर, सवारीको नामसारी तथा सनाखत दस्तुर, यातयात सेवाको नाम पञ्जिकरण दस्तुर, यातायात प्रशिक्षण केन्द्र दर्ता तथा नवीकरण दस्तुर, कारखाना तथा वर्कशप, शोरुम तथा रि-कन्डिसन हाउस सञ्चालन अनुमति तथा नवीकरण दस्तुर,

विदेशमा दर्ता भएका (मालबाहक सवारी बाहेकका) सवारी साधन मधेश प्रदेशमा प्रवेश गर्दा लाग्ने बाटो रुट इजाजत दस्तुर, सवारी चालक आवेदन दस्तुर, सवारी चालक अनुमतिपत्र दस्तुर, सवारी चालक अनुमतिपत्र नवीकरण दस्तुर, पुनःप्रयोगात्मक परीक्षा दस्तुर, लिखित तथा प्रयोगात्मक परीक्षाको पुनर्योग दस्तुर, यातयात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको दर्ता र नवीकरण दस्तुर, बाटो इजाजत पत्र र नवीकरण दस्तुर तथा आवेदन दस्तुर, सवारी साधन नवीकरण तथा दर्ता दस्तुर, र अन्य दस्तुर लगाइने तथा असूल उपर गरिनेछ।

(२) मधेश प्रदेश सरकारले उपदफा (१) बमोजिमको सवारी साधन कर अनुसूचि-२ को सि.नं. १ अनुसारको कर संकलन गरी प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम जम्मा भएको रकम मध्ये साठी प्रतिशत रकम प्रदेश सञ्चित कोष र चालिस प्रतिशत रकम स्थानीय तहलाई बाँडफाँट गरिनेछ।

(४) उपदफा (१) बमोजिम कार्यालयबाट संकलित सवारी साधन कर वाहेक सवारी चालक अनुमति पत्र, आवेदन तथा नवीकरण दस्तुर, सवारी साधन दर्ता तथा नवीकरण दस्तुर, बाटो इजाजत पत्र आवेदन तथा नवीकरण दस्तुर जस्ता अन्य दर्ता तथा नवीकरण दस्तुर अनुसूची-२

को सि.नं. २ बमोजिम संकलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

__स्पष्टीकरणः__ यस दफाको प्रयोजनको लागि “सवारी साधन” भन्नाले यान्त्रिक तथा विद्युतीय शक्तिबाट चल्ने स्थलगामी सवारी साधनहरु जस्तैः मोटरसाइकल, स्कुटर, मोपेड, कार, जीप, डेलिभरी भ्यान, टेम्पो, अटोरिक्सा, पावर टिलर, ट्र्याक्टर, मिनि वस, मिनी ट्रक, ट्रक, ट्रिप्पर, वस, लहरी, ट्याँकर तथा अन्य हेभी इक्वीपमेन्ट आदिलाई सम्झनु पर्छ।

(5) उपदफा (१)बमोजिम सवारी साधन कर लगाउदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहमा साधन, स्रोत, प्रविधि तथा जनशक्ति व्यवस्थापन नभएसम्म थ्री-ह्वीलर सवारी साधन (टेम्पो, टाँगा, अटोरिक्सा, ई-रिक्सा जस्ता) मा प्रदेश सरकारले यस ऐन बमोजिम कर लगाउने र उठाउनेछ ।यसरी सङ्कलित कर उपदफा (२) बमोजिम दाखिला गरि प्रदेश र स्थानीय तह बीच उपदफा (३) बमोजिम बाँडफाँट गरिनेछ।

४. **मनोरञ्जन करः** (१) मधेश प्रदेश भित्र संचालन हुने मनोरञ्जनजन्य क्रियाकलापमा अनुसूची (३) बमोजिम मनोरञ्जन कर लगाइने र असुल गरिने छ।

(२) उपदफा (१) बमोजिम मनोरञ्जन कर एकमुष्ट तोकिएको अवस्थामा सोही बमोजिम र अन्यमा मनोरञ्जन स्थल प्रवेश तथा सो भित्रका आन्तरिक मनोरञ्जनात्मक क्रियाकलापहरुका लागि खरिद गरिने टिकटको मूल्यमा लाग्नेछ।

**स्पष्टीकरणः** (क) यस दफाको प्रयोजनको लागि "मनोरञ्जन" भन्नाले शुल्क लिई व्यक्तिहरुलाई प्रवेश गराइने चलचित्र घर, नाचघर, साँस्कृतिक प्रदर्शन हल, नाटक घर, बाल उद्यान, दोहरी साँझ, डान्सबार, फुट्सल, जुम्बा, नाइट क्लब, क्यासिनो, मसाज एण्ड स्पा, जिपलाइन, बन्जिजम्प, स्वीमीङ्ग पुल, स्काई साइक्लिङ्ग, मेला, महोत्सव, अपेरा, थिएटर, सर्कस, चटक, खेलकुद, प्रदर्शनी, कन्सर्ट, फनपार्क, पार्क, संग्रहालय, पर्यटकीय स्थल, वाटर गार्डेन, उद्यान र अरु प्रकारका मनोरञ्जन समेतलाई जनाउँछ।

(ख) “प्रवेश” भन्नाले मनोरञ्जनको निमित्त दर्शकको रुपमा प्रवेश गर्ने कार्यलाई जनाउँछ।

बमोजिमको मनोरञ्जन करको (१) उपदफा (३) गर्नेछ।उक्त रकम प्रशासन स्थानीय तहले स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नुपर्नेछ।

(४) अनुसूचि-बमोजिम बुझाउनुपर्ने मनोरन्जन घ कर महिना समाप्त भएको मितिले पच्चिस दिनभित्र सम्बन्धित स्थानीय तहमा दाखिला गर्नुपर्नेछ ।

(५) उपदफा (घ) को अवधिभित्र मनोरन्जन कर नबुझाउने करदातालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको मितिले तीन महिनासम्मको लागि दश प्रतिशत र सो अवधिभित्र पनि दाखिला नगरेमा बुझाउनुपर्ने कर रकमको वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज समेत लगाइ त्यस्तो रकम असुल उपर गर्नुपर्नेछ।

(६) उपदफा बमोजिम संकलित करको (ज्ञ) साठी प्रतिशत रकम स्थानीय सञ्चित कोषमा र चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिल गर्नुपर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहको साधनप्रविधि र ,स्रोत , जनशक्ति व्यवस्थापन नभए सम्म प्रदेश सरकारले यस दफा र लगाउन र उठाउन सक्नेछबमोजिमको क

(८) उपदफा बमोजिमको रकम प्रदेश (७) विभाज्य कोषमा जम्मा गर्नुपर्नेछ। उक्त रकम मध्ये प्रदेश

सरकारलाई साठी प्रतिशत र स्थानीय तहलाई चालीस प्रतिशत बाँडफाँट गर्नुपर्नेछ।

५. **विज्ञापन कर:**प्रदेश (1) भित्र राखिने होर्डिङ बोर्डसाईन , ग्लो ,ट्राईभिजन बोर्ड ,ब्यानर ,बोर्डबोर्ड ,डिजिटल बोर्ड , लेख्ने वा ,धातुको फ्रेम वा कुनै स्थानमा लगाउने ,स्टल विद्युतीय तरंग प्रयोग गरी प्रचार सामग्रीमा गरिएको विज्ञापनमा विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।

तर नेपाल सरकारप्रदेश सरकार र स्थानीय तहले , कामकाज तथा सार्वजनिक हितको लाग सरकारीि उपदफा बमोजिमको विज्ञापन सामग्री प्रयोग गरेमा कर लाग्ने (१) छैन।

(2) उपदफा अनुसारको विज्ञापन करको (१) दरलगाउने र उठाउने सम्बन्धि करको प्रशासन स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

(घ) यस दफा बमोजिम बुझाउनुपर्ने विज्ञापन कर महिना समाप्त भएको मितिले पच्चिस दिनभित्र सम्बन्धित स्थानीय तहमा दाखिला गर्नुपर्नेछ ।उक्त रकम स्थानीय विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ।

(4) उपदफा (घ) को अवधिभित्र विज्ञापन कर नबुझाउने करदातालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको मितिले तीन महिनासम्मको लागि दश प्रतिशत र सो अवधिभित्र पनि दाखिला नगरेमा बुझाउनुपर्ने कर रकमको वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज समेत लगाइ त्यस्तो रकम असुल उपर गर्नुपर्नेछ।

(5) उपदफा बमोजिम संकलित करको (ज्ञ) साठी प्रतिशत रकम स्थानीय सञ्चित कोषमा र चालीस

प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिल गर्नुपर्नेछ।

तर स्थानीय तहले कर संकलन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न नसकेमा त्यसको व्यवस्थापन प्रदेश सरकारलाई गर्न कुनै पनि वाधा पर्ने छैन।यसरी प्रदेश सरकारले संकलन गरेको कर प्रदेश विभाज्य कोषमा दाखिला गरी सोको साठी प्रतिशत प्रदेश सञ्चित कोषमा र चालिस प्रतिशत रकम स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ। कर प्रशासन गर्दा संकलित करको साठी प्रतिशत प्रदेश सञ्चित कोषमा र चालिस प्रतिशत रकम मासिक रुपमा स्थानीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने छ।

६. <u>पर्यटन शुल्क:</u> (१) अनुसूची ४-मा उल्लेख भए बमोजिम पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ।

)२( उपदफा बमोजिमको पर्यटन शुल्कको (१) प्रशासन प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

.७ <u>कृषि आयमा कर:</u>फर्म वा ,कृषक समुह ,कृषक (१) संस्थाहरुले स्वघोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्ने फर्म वा संस्थाहरुको लागि कृषि ,कृषक समुह ,कृषक आयमा कर लगाइने र असुल उपर गरिनेछ

(२) उपदफाबमोजिमको कृषि आयमा (१) लाग्ने करको दर तथा सीमा अनुसूची ५-बमोजिम हुनेछ ।

(३) उपदफा बमोजिमको कर प्रशासन (१) प्रदेश सरकारबाट हुनेछ।

(४) उपदफा बमोजिमको कृषि आयमा (२) कर कृषि क्षेत्र हेर्ने मन्त्रालय लाग्नेको सम्वन्धित जिल्ला

स्थित कृषि ज्ञानकेन्द्रले संकलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

.८ **ढुंगा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्कः**प्रदेश (1) वा ,गिट्टी ,भित्र ढुङ्गालुवा, माटोखोलाले बगाई ल्याएको , दाउरा लगायतका द ,काठहत्तर बहत्तरको संकलनमा अनुसूची6- बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ । स्थानीय तहले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरी बिक्री मूल्य तोक्न सक्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नदीजन्य पदार्थ प्रशोधन गरि ढुङ्गा ,गिट्टी , ७-ग्राभेल उत्पादन गर्ने उद्योगमा अनुसूची ,धुलो ,बालुवा बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ

(३) उपदफा बमोजिमको कार्यको (२) र (१) नियमन गर्दा प्रचलित कानूनको उलंघन गरेको पाइएमा अनुसूची ८-बमोजिमको जरिवाना लगाउने र असुल उपर गरिनेछ।

(4) उपदफा (१) र (3) बमोजिमको शुल्क र जरिवाना सम्बन्धित स्थानीय तहले संकलन गरी स्थानीय विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ।

(५) उपदफा बमोजिमको शुल्क सम्बन्धित (२) उद्योग दर्ता रहेको घरेलु तथा साना उद्योग कार्यालयले संकलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(६) उपदफा बमोजिम संकलित रकम (द्व) सम्बन्धितस्थानीय तहले संकलित शुल्कको साठी प्रतिशत रकम स्थानीय सञ्चित कोषमा र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ

(७) डिभिजन वन कार्यालयले वनक्षेत्र भित्रका खोलाखोल्सीको ब्यवस्थापन गरि नदीजन्य पदार्थको बिक्री गरि प्राप्त रकमको दश प्रतिशत सम्वन्धित समूह ,चालिश प्रतिशत पालिका र ,पचास प्रतिशत प्रदेश संञ्चित कोषमा जम्मा गर्ने।

९. **वन पैदावारः** प्रचलित प्रदेश वन ऐन तथा नियमावली बमोजिम काष्ठ पैदावार, गैर काष्ठ वन पैदावार वा चट्टान, माटो, नदीजन्य र खनिजजन्य पदार्थको उपयोग वापत लगाइने सेवा शुल्क तथा अन्य दस्तुर लगाउने र असुलउपर गर्ने सम्बन्धी व्यवस्था सोही ऐन तथा नियमावली बमोजिम हुनेछ।

(२) काठ व्यवसायीले लिलाम सकार गरेको गोलिया काठ एक तहको प्रशोधन नगरी अन्य काठ व्यवसायीलाई बिक्री गर्न चाहेमा कबोल रकमको दश प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने।

१०. **वातावरण तथा औद्योगिकीकिरण व्यवस्थापन दस्तुरः** (१) मधेश प्रदेशभित्र सिमेन्ट उत्पादन गर्ने उद्योगले उत्पादित सिमेन्ट उद्योगबाट निकासी गर्दा प्रति वोरा (५० किलोग्राम) मा एक रुपैयाको दरले वातावरण तथा औद्योगिकीकिरण व्यवस्थापन दस्तुर लगाई असुल गरिने छ।

(२) प्रदेशभित्रका ईट्टा उद्योगहरुले उत्पादित ईट्टामा प्रति हजार वटाको रु १००।-का दरले वातावरण

तथा औद्योगिकीकिरण व्यवस्थापन दस्तुर लगाई असुल गरिनेछ।

(३) प्रदेशभित्र कङ्क्रिट व्लक उत्पादन गर्ने उद्योगहरुलाई प्रति हजार कङ्क्रिट व्लकको रु १००।-का दरले वातावरण तथा औद्योगिकीकिरण व्यस्थापन दस्तुर लगाई असुल गरिनेछ।

(४) उपदफा (१) (२) (३) बमोजिमको दस्तुर त्रैमासिक रुपमा उद्योग रहेको जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयमा दाखिला गर्नु पर्ने सो को विवरण घरेलु तथा साना उद्योग कार्यालयले त्रैमासिक रुपमा तालुक मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको संकलित रकम प्रदेश संञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिमको अवधिभित्र उक्त दस्तुर नबुझाउने उद्योग करदातालाई प्रदेश सरकारले सो अवधि नाघेको मितिले तीन महिना सम्मको लागि दश प्रतिशत र सो अवधिभित्र पनि दाखिला नगरेमा बुझाउनु पर्ने दस्तुर रकमको वार्षिक पन्द्रह प्रतिशत का दरले व्याज समेत लगाई त्यस्तो रकम असुल उपर गर्नुपर्नेछ।

(७) आर्थिक ऐन,२०८१ को दफा ८ को उपदफा (८) बमोजिम वातावरण प्रदुषण शुल्क दाखिला गर्न बाँकी रहेको उद्योगले आर्थिक वर्ष २०८१/०८२ को शुल्क संवत् २०८२ साल पौष मसान्तसम्म दाखिला गरेमा आर्थिक वर्ष २०८०/०८१ सम्मको सोही ऐनको दफा ८ को उपदफा (८) बमोजिमको वातावरण प्रदुषण शुल्क र उपदफा (९) बमोजिमको जरिवाना छुट दिइनेछ।

११. <u>अन्य राजस्वः</u> (१) मधेश प्रदेश सरकारको विभिन्न मन्त्रालयहरु मातहत रहेका कार्यालयहरुको कार्य प्रकृति अनुसार वस्तु तथा सेवा प्रवाहको माध्यमबाट संकलन हुने सेवा शुल्क, दर्ता/नवीकरण शुल्क, विक्री मूल्य वा अन्य प्रकारको दस्तुर आदि मधेश प्रदेश कानून निर्माण नभइसकेको अवस्थामा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम संकलन गर्नुपर्नेछ

(२) शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा शिक्षण सञ्चालित अनुमति तथा नवीकरण शुल्क अनुसूची-९ बमोजिम लगाइने र असुल उपर गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम संकलन भएको कर तथा गैर कर राजस्व रकम राजस्व व्यवस्थापन प्रणाली मार्फत मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

१२. **दण्ड जरिवाना**: (१) कुनै व्यक्ति, संस्था वा निकायले प्रदेश कानूनको उल्लङ्घन गरेको पाईएमा मधेश प्रदेश सरकारले दण्ड तथा जरिवाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर तथा हदम्याद प्रचलित कानून बमोजिम हुनेछ।

(३) यातायात व्यवस्था ऐन, २०४९ बमोजिम ट्राफिक प्रहरीले उठाउने दण्ड जरिवाना बापतको रकम नियमित रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

१३. **दर घटाउन, बढाउन वा छुट दिन सकिने**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मधेश प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क र कर आंशिक वा पूर्णरुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाइएको,बढाइएको वा छुट दिइएको सूचना मधेश प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महसुल र कर आंशिक वा पूर्णरुपमा छुट दिएको सुविधाको विवरण प्रत्येक वर्ष अर्थ मन्त्रालयले प्रदेश सभामा पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम दिएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा त्यसरी

छुट दिइएको शुल्क र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ।

१४. <u>प्रदेश सरकारले तोके बमोजिम हुने:</u> यस ऐनमा उल्लेख नभएका तर प्रदेश सरकार अन्तर्गतका निकायबाट प्रदान गरिने सेवा वापत लिइने शुल्क तथा दस्तुर लगायतका विषयमा मधेश प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ।

१५. <u>कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:</u> (१) यस ऐनको कार्यान्वयन गर्न मधेश प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड मधेश प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

१६. <u>प्रक्रिया सरलीकरण वा वाधा अडकाउ फुकूवा गर्न सक्ने:</u> प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र ब्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपदको कारणले कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा यस ऐनको कार्यान्वयनमा कुनै वाधा अड्काउ पर्न गएमा अर्थ मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न प्रक्रिया सरलीकरण गर्न वा कुनै निर्देशन

दिन वा परिपत्र जारी गर्न वा कार्यान्वयनमा देखिएको वाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

१७. **राजस्व प्रशासनको व्यवस्थापनः** (१) राजस्व प्रशासनको सञ्चालन र व्यवस्थापनका लागि अर्थ मन्त्रालयले आवश्यक संरचना, स्रोत, साधन र जनशक्तिको व्यवस्थापन गर्न सक्नेछ।

(२) राजस्व प्रशासन सम्बन्धी अन्य व्यवस्था अर्थ मन्त्रालयले तोके बमोजिम हुनेछ।

१८. **अन्तर निकाय समन्वय गर्न सकिने**: (१) यस ऐन बमोजिम लगाईने र असुल गरिने कर,शुल्क,दस्तुर दण्ड जरिवाना वापतको रकम दाखिला गरेपछि मात्र कर चुक्ता प्रमाणपत्र जारी गर्न वा उद्योग तथा व्यवसाय नवीकरण गर्ने व्यवस्थाका लागि प्रदेश सरकार अन्तर्गतका निकाय तथा स्थानीय तहले आन्तरिक राजस्व विभाग वा कार्यालय वा उद्योग विभाग वा कम्पनी रजिष्ट्रारको कार्यालय वा ठूला वा मध्यमस्तरीय करदाता कार्यालय वा राजस्व अनुसन्धान विभाग वा राजस्व अनुसन्धान कार्यालय वा नेपाल प्रहरी लगायतका निकायसंग समन्वय गरी आवश्यक सहयोग माग गर्न सक्नेछ।

१९. **राजस्वको बाँडफाँट र दाखिला**: (१) यस ऐनमा उल्लेखित दफा १, २, ३, ४, ५, ६, ८, ९ र १० को अधीनमा रही प्रदेश र स्थानीय तहको साझा अधिकार भएका कर,

शुल्क तथा दस्तुरवाट संकलित राजस्वको रकम प्रदेश तथा स्थानीय तहले आफ्नो विभाज्य कोषमा जम्मा गरी प्रचलित प्रदेश कर तथा गैरकर राजस्व सम्वन्धी ऐन बमोजिम बाँडफाँट गरी प्रदेश र स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने छ।

(२) स्थानीय तह मार्फत संकलन र बाँडफाँट हुने साझा अधिकार भएका कर, शुल्क तथा दस्तुर सम्वन्धित स्थानीय तहले प्रदेशको हिस्सा उपदफा (१) बमोजिम बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा दाखिला नगरेमा त्यस्तो बाँडफाँट नभएको रकम वरावर प्रदेश सरकारले स्थानीय तहलाई राजस्व बाँडफाँट गरिने रकमबाट कट्टा गरी समायोजन गर्ने छ।

## अनुसूची–१

### (दफा २ को उपदफा (१) सँग सम्बन्धित)

### (१) घर जग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर

क. रजिष्ट्रेशन दस्तुरः

| सि नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १. | राजिनामा, सट्टापट्टा, दर्ताफारी, सगोलनामा र छोडपत्रको लिखत(थैली अंकमा) | | | | |
| | (क) राजिनामा, सट्टापट्टा, र सगोलनामाको लिखतको | ५% | ४.५% | ४% | ३.५% |

| सि नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
| --- | --- | --- | --- | --- | --- |
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाई को लिखत | ४% | ३% | २% | १% |
| | (ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखत | ५% | ४.५% | ४% | २.५% |
| २. | छोडपत्र र दर्ताफारी लिखतको | | | | |

| सि नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (क) तीन पुस्ताभित्रको | हालैको बकसपत्र सरह | | | |
| | (ख) तीन पुस्ता बाहिरको | राजीनामा सरह | | | |
| ३. | हालैदेखिको बकसपत्रको लिखत<br><br>हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा<br><br>(क) बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाइँ, सासू, सासू-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीबुहारी, काका, काकी, मामा, माइज्यू, भाञ्जा, भाञ्जी, ठूलो-बुवा, | | | | |

| सि नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | ठूली आमा (बावु तर्फका) आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाइको छोरा, छोरी, फूपू र भदा भदै बीच । | | | | |
| | (अ) रु. १ लाखसम्म | १.५% | १% | १% | ०.५% |
| | (आ) रु. १ लाखभन्दा माथि जतिसुकै | २.५% | २% | २% | १% |

| सि नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (ख) अन्य बकसपत्र र दानपत्र | १५% | १५% | १५% | १० % |
| | <u>स्पष्टिकरण:</u> सरकारी विश्वविद्यालय, सरकारी क्यामपस, कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, मधेश प्रदेश सरकारका कार्यालय, स्थानीय तह तथा मधेश प्रदेश सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा यस अनुसूचि बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क तथा अन्य कुनै पनि दस्तुर लाग्ने छैन। | | | | |
| ४. | अंशवण्डा तथा अंश भर्पाईको लिखत थैली अंकमा (रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली | | | | |

| सि नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | अंकमा) | | | | |
| | (क) रु.३० लाखसम्म | ०.३% | ०.२% | ०.२% | ०.२% |
| | (ख) रु.३० लाख भन्दा बढी रु.२ करोडसम्म | ०.४% | ०.३% | ०.३% | ०.३% |
| | (ग) रु. २ करोड भन्दा माथि | ०.५% | ०.५% | ०.५% | ०.५% |
| ५. | मानो छुट्टिएको र मानो जोडिएको प्रति | | | | |

| सि नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (क) मानो छुट्टिएको | १२,०००।- | ११,०००।- | १०,०००।- | ५,०००।- |
| | (ख) मानो जोडिएको | १२,०००।- | ११,०००।- | १०,०००।- | ५,०००।- |
| ६. | <u>शेषपछिको वकसपत्रको लिखतः शेषपछिको वकसपत्र/ अष्टलोहको प्रतिलिखत</u> | | | | |
| | (क) तीन पुस्ताभित्र | ९,०००।- | ९,०००।- | ९,०००।- | ९,०००।- |

| सि नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्र को दस्तुर | गा.पा. क्षेत्र को दस्तुर |
| | (ख) तीन पुस्ताबाहिर | १२,०००।- | १२,०००।- | १२,०००।- | १२,०००।- |
| | शेष पछिको बकस पत्र संशोधन र रद्द गर्दा प्रतिलिखत | | | | |
| | (क) शर्त संशोधन | २,०००।- | २,०००।- | २,०००।- | २,०००।- |
| | (ख) बकसपत्र रद्द | ३,०००।- | ३,०००।- | ३,०००।- | ३,०००।- |
| | व्यक्ति व्यक्ति बीच भएको दृष्टिबन्धकी, भोगबन्धकी, र | | | | |

| सि नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| ७. | लखबन्धकीको लिखतको थैली अङ्कमा | | | | |
| | (क) तीन पुस्ताभित्र | १% | १% | १% | १% |
| | (ख) तीन पुस्ता बाहिर | १.५ % | १.५% | १.५% | १.५% |
| ८. | अधिकारनामा, मञ्जुरीनामा, अख्तियारनामा प्रति लिखत | २०००।- | २०००।- | २०००।- | २०००।- |

| सि नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| ९. | दाखिल खारेज नहुने कपाली तमसुक र करारनामा लिखतको लिखत थैली अङ्कमा | १ % | १% | १% | १% |
| | अन्य लिखत | | | | |
| | रकम खुलेको थैली अंकमा | ३.५० % | ३ % | २.५० % | २.५० % |
| | रकम नखुलेको प्रति लिखत | ६०००।- | ५०००।- | ३०००।- | १०००।- |

| सि नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | गुठी दर्ता तथा नवीकरण प्रति मिसिल | | | | |
| १० | गुठी दर्ता | १०,०००।- | १०,०००।- | १०,०००।- | ५,०००।- |
| | गुठी नवीकरण | १,०००।- | ८००।- | ५००।- | ३००।- |
| ११ | घर वहाल लिखत वापत पहिलो महिनाको बहाल रकमको | ६% | ५% | ४% | ३% |

| सि नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १२ | फलोपभोग (युजु फ्रुक्टी) | रु.१०००।- | रु.१०००।- | रु.१०००।- | रु.१०००।- |
| १३ | शेषपछिको बकसपत्र संशोधन वा रद्ध गर्दा प्रति लिखत | | | | |
| | क.शर्त संशोधन (रु.) | २०००।- | २०००।- | २०००।- | २०००।- |
| | ख. वकसपत्र रद्ध (रु.) | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| १४ | अन्य लिखत | | | | |
| | क. रकम खुलेकोमा | ४% | ३% | २% | १% |

| सि नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | ख. रकम नखुलेकोमा (रु.) | ७०००/- | ६०००/- | ५०००/- | ३०००/- |
| | | | | | |
| १५ | बेजिल्ला वा बेइलाका पारित सम्बन्धी व्यवस्था | | | | |
| | लिखत प्रकार | दस्तुर वा शुल्क | | बेजिल्ला/बेइलाकाको लिखत पारित वापतको थप शुल्क | |
| | अंशवण्डा तथा अंशभर्पाई बाहेकका | जग्गा भएको प्रदेश सरकारले तोकेको | | प्रदेशभित्र वा प्रदेश वाहिरका जिल्लाको | |

| सि नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | सबै प्रकारको लिखत | दरमा शुल्क वा दस्तुर असुल गरी दाखिल खारेज गर्ने क्षेत्राधिकार भएको भूमिसुधार/मालपोत कार्यालयको खातामा शुल्क वा दस्तुर जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनुपर्ने | | लिखत पारित गर्दा यस आर्थिक ऐन बमोजिम असुल भएको रजिष्ट्रेशन शुल्क वा सेवा शुल्क वा रोक्का दस्तुरको दश प्रतिशतले हुन आउने थप रकम लिखत पारित गर्ने | |

| सि नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | | | | भूमिसुधार/मालपोत कार्यालयको खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हनुपर्ने। | |
| | अंशवण्डा तथा अंश भरपाइको लिखत, | | | नलाग्ने। | |

<table>
<tr><th rowspan="2">सि नं.</th><th rowspan="2">लिखत प्रकार</th><th colspan="4">रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा</th></tr>
<tr><th>म.न.पा. क्षेत्रको दस्तुर</th><th>उ.म.न.पा. क्षेत्रको दस्तुर</th><th>न.पा. क्षेत्र को दस्तुर</th><th>गा.पा. क्षेत्र को दस्तुर</th></tr>
<tr><td></td><td>(घरजग्गा भएको मध्ये जुनसुकै कुनै एक भूमिसुधार/मालपोत कार्यालयबाट मात्र पारित गर्नुपर्नेछ)</td><td colspan="2"></td><td colspan="2"></td></tr>
<tr><td colspan="6">स्पष्टीकरणः घर/जग्गा रहेको सम्बन्धित प्रदेश सरकारको आर्थिक ऐनमा बेजिल्ला वा बेइलाका लिखत पारित गर्ने सम्बन्धी व्यवस्था भएको रहेछ भने मात्र सो क्षेत्रको घर जग्गाको लिखत यस बमोजिम पारित गर्नुपर्नेछ।</td></tr>
</table>

**(२) सेवा शुल्कः**

| सि.न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १ | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क | १५,०००।- | १०,०००।- | ७,०००।- | ३०००।- |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| नोटः (अ) भूमिसुधार आफ्नो कार्यक्षेत्रभित्र वा बाहिर मालपोत कार्यालयले लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा देहाय बमोजिम डोर शुल्क असुल गर्नुपर्नेछ। एकै व्यक्तिले एकै पटक एउटै डोरबाट एक लाख भन्दा बढी लिखत रजिष्ट्रेशनकालागि माग भएमा जति थप लिखत पास हुने हो प्रत्येक लिखतमा यस अनुसूचि बमोजिम थप डोर दस्तुर लाग्ने हुँदा त्यस्तो लिखत अनुसार छुट्टाछुट्टै थप दस्तुर लिई लिखत पारित गर्नुपर्छ ।<br>(आ) भूमिसुधार/मालपोत कार्यालयले आफ्नो कार्यक्षेत्र बाहिर बेजिल्ले वा बेइलाकाको कारागारमा रहेका थुनुवा कैदीबन्दीले डोर माग गरेमा यस अनुसूचिको विविध बुँदा नम्बर २८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ । | | | | | |
| | <u>वित्तीय धितो</u><br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा | | | | |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| २. | दृष्टिबन्धक लिखतको थैली अंकमा | | | | |
| | (क) रु. १००,०००।– सम्म | १,३००।- | १,३००।- | १,३००।- | १,३००।- |
| | (ख) रु. १००,०००।– भन्दा बढी रु. ५,००,०००।– सम्म | १,५००।- | १,५००।- | १,५००। | १,५००।- |
| | (ग) रु. ५,००,०००।– भन्दा बढी रु.१०,००,०००।– सम्म | २,५००।- | २,५००।- | २,५००।- | २,५००।- |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (घ) रु.१०,००,० ००।- भन्दा बढी रु.२०,००,० ००।- सम्म | ३,५००।- | ३,५००।- | ३,५००।- | ३,५००।- |
| | (ङ) रु.२०,००,० ००।- भन्दा बढी रु.५०,००,० ००।- सम्म | ५,५००।- | ५,५००।- | ५,५००।- | ५,५००।- |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (च) रु.५०,००,०००।- भन्दा बढी रु. १,००,००,०००। सम्म | २२,०००।- | २२०००।- | २२,०००।- | २२,०००।- |
| | (छ) रु १,००,००,०००।- भन्दा बढी रु.२,००,००,०००।- सम्म | ३३,०००।- | ३३,०००।- | ३३,०००।- | ३३,०००।- |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (ज) रु २,००,००,००० ।– भन्दा बढी रु.५,००,००,०००।– सम्म | ७०,०००।- | ७०,०००।- | ७०,०००।- | ७०,०००।- |
| | (झ) रु.५,००,००,०००। बढी १,००,००,०००। - सम्म | १,१५,०००।- | १,१५,०००।- | १,१५,०००।- | १,१५,०००।- |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (ञ) रु.१०,००,००,०००। भन्दा बढी १५,००,००,०००। सम्म | १,२५,०००।- | १,२५,०००।- | १,२५,०००।- | १,२५,०००।- |
| | (ट) रु. १५,००,००,०००। भन्दा बढी २०,००,००,०००। सम्म | १,५०,०००।- | १,५०,०००। | १,५०,०००। | १,५०,०००। |

| सि.न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (ठ) रु. २०,००,००,०००।भन्दा माथि जति सुकै भएता पनि | २,००,०००।- | २,००,०००।- | २,००,०००।- | २,००,०००।- |
| | (ड) **<u>थप धितो सम्बन्धमाः</u>** थप धितो पारित गर्दा थप हुने रकमलाई समेत जोडी हुन आउने दस्तुरमा पहिले तिरेको रकम घटाई बाँकी सेवा शुल्क लाग्नेछ । | | | | |
| ३. | **<u>सरकारी जग्गा लीजमा उपलब्ध गराउनेः</u>** सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति, २०८२ बमोजिम लिज रकम लाग्नेछ। | | | | |

| | |
|---|---|
| | जग्गाधनी दर्ता श्रेस्ता वा जग्गाधनी प्रमाणपुर्जा प्रतिलिपीको शुल्क (प्रति श्रेष्ता वा पूर्जा) |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| ४. | (क) जग्गाधनी दर्ता श्रेस्ता वा जग्गाधनी प्रमाण पुर्जा प्रतिलिपि | ५००।- | ५००।- | ५००।- | ५००।- |
| | (ख) जग्गा धनी प्रमाण पूर्जाको पुरानो प्रति खिची नयाँ पुर्जा जारी गर्दा | नलाग्ने | | | |

<table>
<tr><th rowspan="2">सि. न</th><th rowspan="2">विवरण</th><th colspan="4">सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा</th></tr>
<tr><th>म.न. पा. क्षेत्रको दस्तुर</th><th>उप म.न.पा. क्षेत्रको दस्तुर</th><th>न.पा. क्षेत्रको दस्तुर</th><th>गा.पा. क्षेत्रको दस्तुर</th></tr>
<tr><td></td><td colspan="5">नोटः पारित लिखत वा निर्णय मिसिल संलग्न कागजातको प्रयोजन खोली सरोकारवालाले निवेदन गरेमा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा ४६ को उपदफा (३) बमोजिम प्रतिपृष्ठमा दश रुपैयाको हुलाक टिकट टाँस गर्न लगाई प्रतिलिपी प्रमाणित गरि दिनु पर्नेछ ।तर कुनै सरकारी निकायले प्रमाणका लागि श्रेस्ता वा पारित लिखत वा निर्णय मिसिल संलग्न कागजातको प्रमाणित प्रतिलिपी माग गर्दा प्रतिलिपी शुल्क लाग्दैन।</td></tr>
</table>

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| ५. | <u>दाखिल खारेज शुल्क</u><br>(क) अदालत वा अन्य न्यायिक निकायबाट करार लिखत अनुसार ठहर्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा थैली अंकमा | ५% | ४.५% | ४% | ३% |

| सि.न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | नोटः यो बमोजिम दाखिल खारेज गर्दा भूमिसुधार/मालपोत कार्यालयले साविकमा करारनामाको लिखत पारित गरेको र सो उपरमा अदालत वा अन्य न्यायिक निकायबाट फैसला वा मिलापत्र भएको हुनुपर्दछ । | | | | |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (ख) अदालत वा अन्य न्यायिक निकायबाट भएको अन्य फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा (अंश र अपुताली बाहेक) थैली अंकमा | ३% | २.५% | २% | १% |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (ग) अंश वा अपुताली सम्बन्धमा अदालत वा अन्य न्यायिक निकायबाट भएको फैसला वा मिलापत्र बमोजिमको दाखिल खारेज थैली अंकमा | अंशको हकमा यस अनुसूचिमा उल्लेख भएको अंशबन्डा सरह र अपुतालीको हकमा नामसारी सरह शुल्क लाग्नेछ | | | |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (घ) बैंक वित्तिय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउँमा दाखिल खारेज गर्दाको थैली अंकमा प्रतिमिसिल | ५% | ४.५% | ४% | ३% |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (ङ) बैंक वित्तीय संघ वा सहकारी संस्थाबाट कर्जाप्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी धितो जमानीकर्ताकै नामबाट वैक वित्तीय संघ वा सहकारी संस्थाले आफ्नो नाँउमा दाखिल खारेज गर्दा प्रति मिसिल (रु.) | ७,०००।- | ६,०००।- | ५,०००।- | २,०००।- |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (च) बैंक, वित्तीय संस्था वां सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित धितो जमानीकर्तालाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २.५% | २% | २% | १% |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (छ) भूमिसुधार तथा मालपोत कार्यालयबाट जग्गा बाँडफाँड भई दाखिला खारेज गर्दा प्रति मिसिल (रु.) | ९०००/- | ८०००/- | ७०००/- | ६०००/- |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (ज) अदालत वा न्यायिक निकायको फैसलाबमोजिम लिलाम वढावढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल (रु.) | ५०००।- | ३०००।- | १०००।- | ५००।- |
| | (झ) शेषपछिको वकसपत्रको दाखिल खारेज थैली अंकमा<br><br>(अ) तीनपुस्ता भित्र | सबै क्षेत्रका लागि अंशबण्डा सरह | | | |

| सि.न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (आ) तीनपुस्ता बाहिर | अंशबण्डा भन्दा थप १.५% शुल्क लाग्ने। | | | |
| | | | | | |
| ६. | **नामसारी प्रति मिसिल**<br>(क) तीन पुस्ता भित्र | १,५००।- | १,२००।- | १,०००।- | ५००।- |
| | (ख) तीन पुस्ताभन्दा बाहिर) | ५०००।- | ४०००।- | ३५००।- | २०००।- |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| ७.. | **हाल साविक**<br>पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | १,५००।- | १,०००।- | ८००।- | ५००।- |
| ८. | **घर कायम**<br>श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा (रु.) | ४०००।- | ३०००।- | २५००।- | १०००।- |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| ९. | **संशोधन दस्तुर** मालपोत ऐन २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | ५००।- | ५००।- | ५००।- | ५००।- |
| | (क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) नलाग्ने ।<br><br>(ख) लिखत रजिष्ट्रेशन नभएकोमा देहाय बमोजिम रोक्का दस्तुर लाग्ने। | | | | |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १०. | **रोक्का दस्तुर**<br>(अ) १ लाख सम्मको ऋण अङ्कमा (रु.) | ५००।- | ४००।- | ३००।- | २००।- |
| | (आ) १ लाख भन्दावढी ५लाख सम्म (रु.) | ८००।- | ६००।- | ५००।- | ३००।- |
| | (इ) ५ लाख भन्दा बढि १० लाख सम्म ऋण अंकमा (रु.) | १०००।- | ८००।- | ६००।- | ५००।- |

| सि.न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (ई) १० लाख भन्दा बढि १५ लाख सम्म ऋण अंकमा (रु.) | १५००/- | १२००/- | १०००/- | ८००/- |
| | (उ) १५ लाख भन्दा बढि २० लाख सम्म ऋण अंकमा (रु.) | २५००/- | २०००/- | १५००/- | १२००/- |

| सि. न | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न. पा. क्षेत्रको दस्तुर | उप म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (ऊ) २० लाख भन्दा बढि २५ लाख सम्म ऋण अंकमा (रु.) | ३५००।- | ३०००।- | २५००।- | १५००।- |
| | (ए) २५ लाख भन्दा बढि जतिसुकै ऋण अंकमा (रु.) | ५०००।- | ४०००।- | ३०००।- | २०००।- |
| | (ऐ)ऋण अङ्क नखुलेकोमा (रु.) | ५०००।- | ४०००।- | ३०००।- | २०००।- |

(३) **विविधः**

| क्र.स. | व्यवस्था |
|---|---|
| १. | मधेश प्रदेशभित्र  पारित हुने राजीनामा, सट्टापट्टा, दर्ताफारी, सगोलनामा, छोडपत्र, सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखत, सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखत, हालैको बकसपत्रको लिखतको थैली अंकमा शुन्य दशमलब पाँच प्रतिशतले हुने थप शुल्क मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रमका लागि प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ। |
| २. | अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अंक अनिवार्य खुलाउनु पर्नेछ। |
| ३. | जलविद्युत उद्योग तथा विद्युत प्रशारण एवं वितरण, व्यवसायिक रुपमा तरकारी तथा पशुपालन गर्ने सनपाट खेती, उखू खेती, तेलहन खेती, दलहन खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ । यसको लागि सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय |

| क्र.स. | व्यवस्था |
|---|---|
| | तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी र राजश्व छुट दिने सम्बन्धी भूमिसुधार/मालपोत कार्यालयलाई दिएको सिफारिस पत्र समेत पेश गर्नुपर्नेछ। तर छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरित प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार/मालपोत कार्यालयले साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क दस्तुर असुल गरी सोही रकम बराबरको जरिवाना समेत गर्नुपर्नेछ। |
| ४. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला बन्दी खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा भूमीसुधार तथा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| ५. | सूर्ती, गुट्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा |

| क्र.स. | व्यवस्था |
|---|---|
| | लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ।<br><br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा भूमिसुधार तथा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| ६. | (क) कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनीहरु, विश्वविद्यालय, नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त बैक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधा उपलब्ध गराउँदा लिने धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ।<br><br>तर सेवा शुल्क बापत एक हजार रुपैयाँ लाग्नेछ । |
| | (ख) कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ र नेपाल राष्ट्र बैंक बाट ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाबाट समेत नेपाल सरकार तथा प्रदेश सरकारका निजामति कर्मचारीहरुले ऋण लिदाँ धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन |

| क्र.स. | व्यवस्था |
|---|---|
| | शुल्क छुट हुनेछ।<br><br>तर सेवा शुल्क रु. ५००।- लाग्नेछ । |
| ७. | (क) सहकारी ऐन, २०७४ बमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरु बीच ऋण लगानी प्रवाह गर्दा दस लाख रुपैयाँ सम्मको थैली अंकमा रोक्का दस्तुर बाहेक सेवा शुल्क छुट हुनेछ । सो भन्दा माथिको थैली अंकमा खण्ड (२) सेवा शुल्क महलको सि.नं. २ बमोजिमको वित्तीय धितो बमोजिमको सेवा शुल्क लाग्ने छ। |
| | (ख) बैंकिङ्ग तथा वित्तीय व्यवसाय र विमा व्यवासाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको स्वामित्व एकत्रित गर्दा देहाय बमोजिमको दस्तुर लाग्नेछ।<br><br>(अ) सहकारी संस्था रु.५,०००।-<br><br>(आ) बचत तथा ऋण सहकारी रु.१०,०००।-<br><br>(इ) वित्तीय संस्था रु.१५,०००।-<br><br>(ई) बैकिङ्ग र विमा कम्पनी रु.२०,०००।- |

| क्र.स. | व्यवस्था |
|---|---|
| ८. | जनआन्दोलन, मधेश आन्दोलन तथा जनयुद्धमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नि, छोरा र छोरी तथा माता– पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारीत हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्ण रूपमा छुट हुनेछ । यो सुविधा प्राप्त गर्ने व्यक्तिले नेपाल सरकारले जारी गरेको परिचय पत्र वा स्वामित्व प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको हालको स्थानीय तहबाट किटानी सिफारिस पत्र पेश गर्नुपर्नेछ। |
| ९. | अपाङ्गता भएका व्यक्ति, दलित एवं पिछडिएका जाती भनी स्थायी ठेगाना भएको स्थानीय तहवाट प्रमाणित भएको सिफारिस वा अधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। यसरी छुट लिएको पहिलो पटक हो होइन भन्ने कुरा व्यक्तिको स्वघोषणा आधारमा हुनेछ। निजले गरेको स्वघोषणा झुठो ठहरिए साविकमा पाएको छुट रकम असुल गरी सोही बमोजिम जरिवानासमेत असुल उपर गरिनेछ। |
| १०. | (क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नावालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट |

| क्र.स. | व्यवस्था |
|---|---|
| | हुनेछ।<br><br>तर एकल महिलाको हकमा भने पैतिस प्रतिशत छुट हुनेछ। |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा रु.५००।- मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ। |
| | (ग) दश करोड भन्दा बढी स्थिर पुँजी भएको उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचिस प्रतिशत छुट दिइनेछ। यसको लागि सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी र राजश्व छुट दिने सम्बन्धी भूमिसुधार/मालपोत कार्यालयलाई दिएको सिफारिस पत्र समेत पेस गर्नुपर्नेछ।<br><br>तर छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी |

| क्र.स. | व्यवस्था |
|---|---|
| | सिफारिस गरेमा भूमिसुधार/मालपोत कार्यालयले साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर असुल गरी सोही रकम बराबरको जरिवानासमेत गर्नुपर्नेछ। |
| ११. | भूमिहिन मूक्त हलिया तथा कमैया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर व्यक्तिको स्थायी ठेगाना भएको हालको स्थानीय तहको सिफारिसमा पूर्ण रूपमा छुट हुनेछ। |
| १२. | बैंक, वित्तिय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिला खारेज गर्नुपर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैंक, वित्तिय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नुपर्नेछ। |
| १३. | रजिष्ट्रेशन वापत भूमीसुधार तथा मालपोत कार्यालयले सम्बन्धित स्थानीय तहमा पठाउने कूल रकमको सात प्रतिशत रकम सम्बन्धित भूमीसुधार तथा मालपोत कार्यालय र नापी कार्यालयहरूको संस्थागत सुदृढीकरण, भवन निर्माण, |

| क्र.स. | व्यवस्था |
|---|---|
| | मर्मत, श्रेस्ता व्यवस्थापन तथा दैनिक कार्य संचालनमा खर्च गर्ने गरी भूमी सुधार तथा मालपोत कार्यालयहरूमा उपलब्ध गराउनु पर्ने रकम सम्बन्धित कार्यालयले कट्टा गरी राख्नु पर्नेछ। देहाय बमोजिमको रकम कट्टा गरी बाँकी रकम बेटी पढाउ बेटी बचाउ अभियानका लागि प्रदेश सञ्चित कोषमा दाखिल गर्नुपर्नेछः-<br>(क) भूमिसुधार तथा मालपोत कार्यालय धनुषा र पर्सा रु.१६,००,०००।-<br>(ख) भूमिसुधार तथा मालपोत कार्यालय बारा, रौतहट, सर्लाही, महोत्तरी, सिराहा र सप्तरी रु.१३,००,०००।-<br>(ग) अन्य मालपोत कार्यालय रु.११,००,०००।- |
| १४. | मधेश प्रदेश सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित मधेश प्रदेशमा कार्यक्रम संचालन गर्ने गरी दर्ता भएका संघसंस्था वा निकायले आफ्नो नाममा निःशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा ५० प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ। |
| १५. | सहकारी ऐनको दफा ५ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र ३ कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा भूमी व्यवस्था कृषि तथा |

| क्र.स. | व्यवस्था |
|---|---|
| | सहकारी मन्त्रालयको सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्क पूर्ण रुपमा छुट हुनेछ,<br><br>तर ३ कट्ठा भन्दा बढी जग्गाको हकमा प्रचलित दर अनुसार असुल उपर गरिनेछ। त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरीद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा वाहेक विक्रि गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असूल उपर गरिनेछ । |
| १६. | विविधको क्रमसंख्या ८, ९, १० र ११ बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सवैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ। |
| १७. | एउटै कारोवारबाट १० लाख रुपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद विक्री गर्दा क्रेताले बैंक तथा वित्तीय संस्थाबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा विक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र भूमी सुधार तथा मालपोत कार्यालयले लिखत पारित गर्नेछ। |
| १८. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला |

| क्र.स. | व्यवस्था |
|---|---|
| | सरह रजिष्ट्रेशन दस्तुर छुट दिईनेछ। |
| १९. | तीनपुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा सि.नं. (१) को घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्कको क्रमसंख्या २. को (क) मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |
| २०. | नेपाल सरकारबाट मधेश प्रदेश सरकार वा अन्तर्गतका निकाय तथा मधेश प्रदेश सरकार अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा मधेश प्रदेश सरकारको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नु पर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन |
| २१. | नेपाल सरकारको स्वामित्वमा रहेको कुनै पनि जग्गा तथा कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार वा अन्तर्गतको निकायलाई, मधेश प्रदेश सरकार वा सरकारको कुनै निकायलाई र स्थानीय सरकारलाई निःशुल्क रूपमा प्राप्त भएमा नेपाल सरकार, मधेश प्रदेश सरकार वा स्थानीय सरकारको कुनै पनि निकायले खरीद गरी लिएमा वा निःशुल्क प्राप्त भएमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |

| क्र.स. | व्यवस्था |
| --- | --- |
| २२. | वैदेशिक रोजगारीवाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सबाट खरीद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ<br>तर एकासगोलको परिवारको नाममा  खरीद हुने बाहेक अन्य जग्गाको लिखतको हकमा यो प्रावधान लागु हुनेछैन। |
| २३. | भूमी सुधार तथा मालपोत कार्यालयले संकलित रजिष्ट्रेशन शुल्क वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको ख-६ खातामा जम्मा गरी प्रत्येक महिना समाप्त भएपछि संकलित रकमको ४० प्रतिशत प्रदेश संचित कोषमा र ६० प्रतिशत स्थानीय संञ्चित कोषमा जम्मा गरिनेछ।सेवा शुल्क र रोक्का दस्तुर प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ। |
| २४. | मोही बाँडफाँड भई आधा आधा भएमा कुनै राजश्व लाग्ने छैन।जग्गाधनी वा मोहीले मिलापत्रबाट पुरै जग्गा एकल नाममा दर्ता गर्दा आधा जग्गाको राजिनामा सरह राजश्व लाग्नेछ।जग्गा घटिबढि गरी दर्ता हुन आएमा सोही |

| क्र.स. | व्यवस्था |
|---|---|
| | अनुपातमा राजिनामा सरह राजश्व दस्तुर लाग्नेछ। तिन पुस्ता भित्र मोही लगत कट्टा गरेमा राजश्व दस्तुर लाग्ने छैन। |
| २५. | न्यूनतम मूल्याङ्कन पुस्तिका अनुसार जग्गाको मूल्याङ्ककित रकम वा बैंक तथा वित्तीय संस्था र अन्य लिखतमा उल्लेखित रकम तथा मोही वा जग्गा धनीले मिलापत्र गर्दा लिए/दिएको रकम मध्ये जुन बढी हुन्छ त्यो बराबरको रकममा राजश्व लाग्नेछ। |
| २६. | एक पटक कारोबार भएको थैलीअङ्क भन्दा कम मुल्याङ्कन कायम गरी लिखत पारित गर्न पाइनेछैन।<br><br>तर बाढी भुक्षय आदि जस्ता प्राकृतिक कारणले गर्दा जग्गाको मुल्य कम हुन गएमा सोको प्रमाणको आधारमा जग्गाको लिखत पारित गर्न वाधा पर्ने छैन। |

## अनुसूची–२

### (दफा ३ को उपदफा (२) सँग सम्बन्धित )

### (१) सवारी साधन कर

| (क) कार, जिप, भ्यान, माइक्रो बस | चालु आ.व को वार्षिक करको दर |
|---|---|
| (अ) १००० सी.सी सम्म | रु. २२,०००।– |
| (आ) १००१ देखि १५०० सी.सी सम्म | रु. २५,०००।– |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. २७,०००।– |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु. ३७,०००।– |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ५०,०००।– |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु. ६०,०००।– |

| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीट्रिपर |
|---|

| | |
|---|---|
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.४०,०००।- |
| (आ) मिनीट्रिपर | रु.३०,०००।- |
| **(ग) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर** | |
| (अ) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | रु.४,०००।- |
| (आ) ट्रेक्टर | रु.५५००।- |
| (इ) पावर टिलर | रु.४५००।- |
| (ई) मिनिट्रक/मिनिबस | रु.२७,०००।- |
| (उ) ट्रक/बस/टयांङ्कर | रु.३५,०००।- |
| **(घ) मोटर साइकल** | |
| (अ) १२५ सी.सी. सम्मको | रु.३०००।- |
| (आ) १२६ देखि १६० सी.सी. सम्म | रु.५०००।- |

| | |
|---|---|
| (इ) १६१ देखि २५० सि.सि. सम्म | रु.६५००।- |
| (ई) २५१ देखि ४०० सी.सी. सम्म | रु.११,०००।- |
| (उ) ४०१ सी.सी. र सो देखि माथि | रु.२०,०००।- |
| **२. सार्वजनिक सवारीमा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः** | |
| **सवारीको किसिम** | |
| **(क) कार, जीप, भ्यान, माइक्रोबस** | **वार्षिक करको दर** |
| (अ) १००० सी.सी सम्म | रु.११०००।- |
| (आ) १००१ देखि १५०० सी.सी सम्म | रु.१२५००।- |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.१३,५००।- |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु.१४,५००।- |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु.१६,५००।- |

| | |
|---|---|
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु.२०,०००।- |
| (ख) ट्रिपर,डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.२१,०००।- |
| (ग) अटो रिक्सा, थ्री ह्वीलर टेम्पो | रु.४,०००।- |
| (घ) ट्रेक्टर | रु.५,५००।- |
| (ङ) पावर टिलर | रु.४,०००।- |
| (च) मिनीट्रक, मिनीबस | रु.१५,५००।- |
| (छ) मिनी ट्रिपर | रु.१५,०००।- |
| (ज) ट्रक/बस/ट्यांङ्कर/ग्यास बुलेट | रु.२०,०००।- |

| | |
|---|---|
| **३. निजी विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| **(क) मोटरसाइकल/स्कुटर/मोपेड** | |
| (अ) १००० वाट सम्म | रु.२०००।- |
| (आ) १००० वाट भन्दा माथि १५०० वाट सम्म | रु.२५००।- |
| (इ) १५०० वाट भन्दा माथि | रु.३०००।- |
| **(ख) कार/जीप/भ्यान/माइक्रो बस र बस** | |
| (अ) १० किलोवाट भन्दा माथि ५० किलोवाट सम्म | रु.५०००।- |
| (आ) ५० किलोवाट भन्दा माथि १२५ किलोवाट सम्म | रु.१५०००।- |
| (इ) १२५ किलोवाट भन्दा माथि देखि २०० किलोवाट सम्म | रु.२००००।- |

| | |
|---|---|
| (उ) २०० किलो वाट भन्दा माथि सबै | रु. ३००००।- |
| **(ग) अटो रिक्सा/ इ-रिक्सा** | रु. ३०००।- |

**स्पष्टीकरणः** सार्वजनिक तथा भाडाका विधुतीय सवारीमा माथि उल्लिखित दर रेटमा पचास प्रतिशत छुट हुनेछ।

**(२) सवारी साधनमा लाग्ने दस्तुर**

१. दर्ता दस्तुर (नयाँ दर्ता,सरुवा सहमती दर्ता र लिलामी दर्ता)

| **क.स.** | **सवारीको वर्गीकरण** | **सवारीको किसिम** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|---|
| (क) | ठूला सवारी | निजी | १५००।- |
| (ख) | मझौला सवारी | | १,०००।- |
| (ग) | साना सवारीः<br>(अ) कार,जीप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | | १,०००।- |
| | (आ) मोटर साइकल, स्कुटर | | ५००।- |

| | | | |
|---|---|---|---|
| (घ) | ठूला सवारी | सार्वजनिक | २५००।- |
| (ङ) | मझौला सवारी | | १५००।- |
| (च) | साना सवारी<br><br>(अ) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | | १५००।- |
| | (आ) मोटरसाईकल, स्कुटर | | ५००।- |

२. विदेशमा दर्ता भएका सवारी साधन चलाउन अनुमती-पत्र दस्तुर :

| क्र.स. | सवारीको वर्गिकरण | दस्तुर (रुपैयाँ) |
|---|---|---|
| (क) | ठूला सवारी र मझौला सवारी | १५००।- |
| (ख) | साना सवारी | ५००।- |

३. सवारी दर्ता प्रमाण-पत्र (ब्लुबुक) नवीकरण दस्तुर :

| क्र.स. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| (क) | ठूला सवारी | निजी | ५००।- |
| (ख) | मझौला सवारी | | ४००।- |
| (ग) | साना सवारीः<br>(अ) कार,जीप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | | ४००।- |
| | (आ) मोटर साइकल, स्कुटर | | ३००।- |
| (घ) | ठूला सवारी | सार्वजनिक | ८००।- |
| (ङ) | मझौला सवारी | | ५००।- |
| (च) | साना सवारी<br>(अ) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | | ५००।- |
| | (आ) मोटरसाईकल, स्कुटर | | ४००।- |

४. <u>सवारी साधनको नामसारी दस्तुर :</u>

| क्र.स. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| (क) | ठूला सवारी | निजी | १,०००।- |
| (ख) | मझौला सवारी | | ८००।- |
| (ग) | साना सवारीः<br>(अ) कार,जीप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | | ७००।- |
| | (आ) मोटर साइकल, स्कुटर | | ५००।- |
| (घ) | ठूला सवारी | सार्वजनिक | २०००।- |
| (ङ) | मझौला सवारी | | १५००।- |
| (च) | साना सवारी<br>(अ) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | | १०००।- |
| | (आ) मोटरसाईकल, स्कुटर | | १०००।- |
| स्पष्टिकरणः सरकारी तथा सार्वजनिक संस्थानको सवारीको दस्तुर सार्वजनिक सरह लाग्नेछ। | | | |

५. **सवारी दर्ता प्रमाण-पत्रको प्रतिलिपी दस्तुर :**जुनसुकै प्रकारको सवारी साधनहरुको दर्ता प्रमाण-पत्रको प्रतिलिपी लिँदा रु १०००।- दस्तुर लाग्नेछ।

६. **सवारी साधनको अस्थायी दर्ता दस्तुर**

| सि.न. | सवारीको वर्गिकरण | | सवारी किसिम | दस्तुर |
|---|---|---|---|---|
| १. | ठूला सवारी | | नीजि | १२०० |
| | | | सार्वजनिक | १५०० |
| २. | मझौला सवारी | | नीजि | १००० |
| | | | सार्वजनिक | १२०० |
| ३. | साना सवारी | क.कार जिप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजि | ८०० |
| | | | सार्वजनिक | १००० |
| | | ख.मोटर साइकल, स्कुटर | नीजि | ८०० |
| | | | सार्वजनिक | ८०० |

**७. प्रदेश बाहिर सरुवा भै जाने सवारी साधन सरुवा सहमति दस्तुरः**

| क.सं. | सवारीको वर्गीकरण | | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठूला सवारी | | २०००।- |
| २. | मझौला सवारी | | १०००।- |
| ३. | साना सवारी | (क)कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | ८००।- |
| | | (ख)मोटर साइकल, स्कुटर | ५००।- |

आधिकारिक विक्रेताको नाममा दर्ता भएका सवारी साधनमा सरुवा सहमती दस्तुर लाग्ने छैन।

**८.	सवारी साधन नामसारी गर्दा गरिने सनाखत दस्तुरः**

| क्र.सं. | सवारीको वर्गीकरण | | शुरु दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठूला सवारी | | १५००।- |
| २. | मझौला सवारी | | १०००।- |
| ३. | साना सवारी | (क)कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | ८००।- |
| | | (ख)मोटर साइकल, स्कुटर, मोपेड | ५००।- |

तर, फिल्डमा गइ सनाखत गराउँदा माथि लाग्ने दस्तुरको दोब्बर दस्तुर लाग्नेछ ।

सनाखतको म्याद दस्तुर दाखिला गरेको मितिले नब्बे दिनसम्म हुनेछ। नब्बे दिनपछि पेस भएमा पहिलो तीन महिनाको लागि एक हजार रुपैयाँ जरिवाना लाग्ने र सो अवधि पछि पेस गर्नेलाई दुई हजार रुपैयाँ जरिवाना लाग्नेछ। सनाखतको अवधि एक वर्षको लागि मान्य हुनेछ।

**९.	तोकिएको भारवहन क्षमताभन्दा अधिक भार राखि सवारी साधनबाट ढुवानी गरेमा रु.६०००।- जरिवाना लाग्नेछ ।**

## १०. सवारी चालक अनुमतिपत्र आवेदन दस्तुर, अनुमतिपत्र र नवीकरण र वर्ग थप दस्तुर

| सि.न. | सवारी किसिम | आवेदन दस्तुर | सवारी चालक अनुमति पत्र दस्तुर | सवारी चालक अनुमति पत्र नवीकरण दस्तुर | वर्ग थप दस्तुर |
|---|---|---|---|---|---|
| १. | मोटरसाइकल,स्कुट र मोपेड | ५०० | १५०० | १५०० | ५०० |
| २. | कार,जीप,डेलिभरी भ्यान | ५०० | २००० | २००० | ५०० |
| ३. | टेम्पो,अटोसिक्सा | ५०० | २००० | २००० | ५०० |
| ४. | पावर टिलर | ५०० | २००० | २००० | ५०० |
| ५. | ट्याक्टर | ५०० | २५०० | २५०० | ५०० |
| ६. | मिनिवस मिनिट्रक | ५०० | २५०० | २५०० | ५०० |
| ७. | ट्रक वस लटरी | ५०० | ३००० | ३००० | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | रोडरोलर, डोजर | ५०० | ३००० | ३००० | १००<br>० |
| ९. | क्रेन दमकल,लोडर | ५०० | ३००० | ३००० | १००<br>० |
| १० | एस्काभेटर,व्याकहो लोडर,ग्रडर, फोर्कलिफ्ट र अन्य | ५०० | ३००० | ३००० | १००<br>० |

**स्पष्टिकरणः**

(अ) एउटै सवारी चालक अनुमती पत्रमा एक भन्दा बढी किसिमका सवारी चलाउने इजाजत पाएका व्यक्तिका हकमा सबैभन्दा बढी दस्तुर लाग्ने सवारीको नवीकरण दस्तुर लाग्नेछ।

(आ) नबिकरण पाँच वर्षका लागि कायम रहनेछ।

(इ) सवारी चालक अनुमतीपत्रको प्रतिलिपी दस्तुर पाँचसय लाग्नेछ।

(ई) एउटै दरखास्तवाट एक भन्दा वढी किसिमको सवारी चलाउन इजाजतको लागि दरखास्त दिन चाहेमा जति किसिमको सवारी चलाउने इजाजतको लागि दरखास्त दिइएको हो सो प्रत्येक सवारी चलाउन इजाजतको लागि छुट्टा छुटै दस्तुर लाग्ने छ।

## ११. बाटो ईजाजत पत्र दस्तुर (नवीकरण समेत)

| क्र.स. | दुरी (कि.मी) | सवारी वर्गीकरण र दस्तुर (रुपैयाँमा) | |
|---|---|---|---|
| | | ठूला र मझौला बस र मिनी बस आदि | ठूला र मझौला ट्रक, मिनीट्रक आदि |
| (क) | १ देखि ५० कि.मि. सम्म | ८००।- | १०००।- |
| (ख) | ५१ देखि १०० कि.मि. सम्म | १०००।- | १२००। |
| (ग) | १०१ देखि १५० कि.मि. सम्म | १२००।- | १४००।- |
| (घ) | १५१ देखि २०० कि.मि. सम्म | १४००।- | १७००।- |
| (ङ) | २०१ देखि २५० कि.मि. सम्म | १५००।- | १८००।- |
| (च) | २५१ देखि ३०० कि.मि. सम्म | १८००।- | २०००।- |

| | | | |
|---|---|---|---|
| (छ) | ३०१ देखि ३५० कि.मि. सम्म | २०००।- | २३००।- |
| (ज) | ३५१ देखि ४०० कि.मि. सम्म | २१००।- | २४००।- |
| (झ) | ४०१ देखि ४५० कि.मि. सम्म | २३००।- | २६००।- |
| (ञ) | ४५१ देखि ५०० कि.मि. सम्म | २६००।- | २९००।- |
| (ट) | ५०१ देखि ५५० कि.मि. सम्म | ३२००।- | ३३००।- |
| (ठ) | ५५१ देखि ६०० कि.मि. सम्म | ३३००।- | ३४००।- |
| (ड) | ६०१ देखि ६५० कि.मि. सम्म | ३५००।- | ३६००।- |
| (ढ) | ६५१ देखि ७०० कि.मि. सम्म | ३८००।- | ३९००।- |
| (ण) | ७०१ कि.मि. भन्दा माथि | ४२००।- | ४३००।- |

## १२. बाटो ईजाजत पत्र दस्तुर (नवीकरण समेत)

(पाँच सिट भन्दा बढी चौध सिटसम्म क्षमता भएका सार्वजनिक सवारीको लागि)

| क्र.स. | दुरी (कि.मी) | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| (क) | १ देखि ५० कि.मि. सम्म | ६००।- |
| (ख) | ५१ देखि १०० कि.मि. सम्म | ८००।- |
| (ग) | १०१ देखि १५० कि.मि. सम्म | १०००।- |
| (घ) | १५१ देखि २५० कि.मि. सम्म | १२००।- |
| (ङ) | २५१ देखि ३०० कि.मि. सम्म | १५००।- |

## १३. बाटो ईजाजत पत्र दस्तुर (नवीकरण समेत) :

(तोकिएको निश्चित बाटो (रुट) वा क्षेत्रभित्र सञ्चालनार्थ लाग्ने बाटोको लागि)

| क्र.स. | सवारीको बर्गिकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| (क) | १४ सिट वा सो भन्दा मुनिका (मिटर वाला बाहेक) हलुका सार्वजनिक सवारी र एक टनसम्म क्षमता भएको ट्र्याक्टर, | ५००।- |

| | | |
|---|---|---|
| | पावरटिलर) | |
| (ख) | मिटर भएको ट्याक्सी | ५००।- |
| (ग) | मिटर भएको टेम्पो | ४००।- |

**स्पष्टिकरणः**

(अ) पटके बाटो ईजाजत दस्तुर प्रति पचास कि.मि. को लागि दस्तुर रु. १५०।-

(आ) नेपालमा कायम भएका बाटोहरुमा सञ्चालन गर्ने ठूला तथा मझौला पर्यटक सवारीहरु, संस्थानका सवारीहरु र सार्वजनिक ट्रकहरुको राष्ट्रव्यापी बाटो ईजाजत (National Permit) दस्तुर रु. १०,०००।-

(इ) तोकिएको बाटो (रुट) मा अधिकर प्राप्त अधिकारीले सार्वजनिक सवारीहरुलाई प्रतिस्पर्धा गराई बाटो इजाजत पत्र प्रदान गरेकोमा माथि उल्लेखित दस्तुरमा नघट्ने गरी दस्तुर निर्धारण गर्न सकिनेछ।

(ई) बाटो ईजाजत पत्र प्रतिलिपी दस्तुर रु. ५००।-

(उ) बाटो इजाजत पत्रको म्याद ६ महिना सम्म बहाल रहनेछ

१४. जाँचपास दस्तुर :

| क्र.स. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|

| | | |
|---|---|---|
| (क) | ठूला सवारी | ५००।- |
| (ख) | मझौला र साना सवारी | ३००।- |

**स्पष्टिकरणः** (अ) शैक्षिक संस्थाको सवारी तथा एम्बुलेन्स समेतको अनिवार्य जाँचपास गर्नुपर्नेछ।

(आ) जाँचपासको म्याद ६महिना सम्म बहाल रहनेछ।

१५. <u>प्रदुषण जाँच दस्तुर :</u>

| **क्र.स.** | **सवारीको वर्गीकरण** | **सवारीको किसिम** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|---|
| (क) | ठूला सवारी ।मझौला सवारी साधन | निजी | ५००।- |
| (ख) | साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर आदि) | | २००।- |
| (ग) | ठूला सवारी ।मझौला सवारी साधन | सार्वजनिक | ३००।- |
| (घ) | साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर आदि) | | २००।- |

**स्पष्टिकरण:** (अ) निजी सवारी साधनको हकमा एक वर्ष र सार्वजनिक सवारी साधनको हकमा ६ महिना बहाल अवधि रहनेछ ।

(आ) शैक्षिक संस्थाको सवारी तथा एम्बुलेन्स समेतको अनिवार्य जाँचपास गर्नुपर्नेछ।

१६. यातायात कम्पनी र फर्म (ढुवानी र यात्रु सेवा) पञ्जीकृत दस्तुर :

| क्र.स. | पूँजी | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| (क) | रु. १५ लाख भन्दा कमको लागि | १५००।- |
| (ख) | रु. १५ लाख भन्दा बढी रु ५० लाख भन्दा कमको लागि | ३०००।- |
| (ग) | रु. ५० लाख भन्दा बढी जतिसुकै भएपनि | ४५००।- |

१७. सेवा पञ्जिकृत भएका कम्पनी र फर्ममा समावेश हुने सवारी साधनलाई लाग्ने दस्तुर:

| क्र.स. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| (क) | ठूला सवारी | १०००।- |

| | | |
|---|---|---|
| (ख) | मझौला सवारी | ८००।- |
| (ग) | साना सवारी | ५००।- |

**स्पष्टिकरणः** कम्पनी पञ्जीकरण पश्चात उक्त कम्पनीबाट संचालन हुने प्रत्येक सवारी वापत दस्तुर लाग्नेछ।

१८. यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्रको नवीकरण दस्तुर :

| क्र.स. | पूँजी | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| (क) | रु. १५ लाख भन्दा कमको लागि | १०००।- |
| (ख) | रु १५ लाख भन्दा बढी रु ५० लाख भन्दा कमको लागि | ३०००।- |
| (ग) | रु ५० लाख भन्दा बढी जतिसुकै भएपनि | ५०००।- |

**स्पष्टिकरणः** कम्पनी पञ्जीकरण पश्चात उक्त कम्पनीबाट संचालन हुने प्रत्येक सवारीलाई पञ्जीकृत यातायात कम्पनीबाट सञ्चालन हुने सवारीलाई दर्ता गर्दा लाग्ने दस्तुर सरह नवीकरण दस्तुर लाग्नेछ।

१९. प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप सञ्चालन अनुमति दस्तुरः

| क्र.स. | पूँजी | दस्तुर |
|---|---|---|

| | | (रुपैयाँमा) |
|---|---|---|
| (क) | रु. १० लाख भन्दा कमको लागि | २०००।- |
| (ख) | रु १० लाख भन्दा बढी रु २५ लाख सम्मको लागि | ५०००।- |
| (ग) | रु २५ लाख भन्दा बढी पचास लाख सम्मको लागि | ८०००।- |
| (घ) | रु. ५० लाख भन्दा माथि जतिसुकै भए पनि | १००००।- |

२०. सवारी साधन विक्री शोरुम र रिकन्डिशन हाउस सञ्चालित अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुरः

| क्र.स. | पूँजी | अनुमतिपत्र दस्तुर (रुपैयाँमा) | नवीकरण दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| (क) | रु. ३ करोडसम्म (साना उद्योग) | ७०००।- | ३५००।- |
| (ख) | रु ३ करोड देखि १० करोडसम्म (मझौला उद्योग) | १००००।- | ५०००।- |
| (ग) | रु १० करोडदेखि माथि | ३००००।- | १५०००।- |

| | | | |
|---|---|---|---|
| | (ठूला उद्योग) | | |

२१. विद्युतीय सूचना प्रणाली राईड सेयरिङ्ग सेवा दिने संस्था दर्ता तथा नवीकरण शुल्कः

| क्र.स. | सेवाको लागि प्रयोग गर्ने सवारी साधनको किसिम | दर्ता/अनुमति शुल्क | नवीकरण शुल्क (प्रतिवर्ष) |
|---|---|---|---|
| (क) | दुई पाङ्ग्रे मात्र | रु.२५,०००।- | रु. १२,५००।- |
| (ख) | चार पाङ्ग्रे मात्र | रु. ५०,०००।- | रु. २५,०००।- |
| (ग) | दुई पाङ्ग्रे र चार पाङ्ग्रे दुवै | रु. ७०,०००।- | रु. ३५,०००।- |

(३) विविध

| क्र.स. | व्यवस्था |
|---|---|
| १. | देहायमा उल्लेख भएका सवारी साधनहरूलाई सार्वजनिक दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्ने छ :-<br>(क) नेपाल सरकारको, नाममा दर्ता भएका,<br>(ख) मधेश प्रदेश सरकारको नाममा दर्ता भएका,<br>(ग) स्थानीय तह र जिल्ला समन्वय समितिको नाउँमा दर्ता |

| क्र.स. | व्यवस्था |
|---|---|
| | भएका ।<br>(घ) सार्वजनिक संस्थानको नाममा दर्ता भएका, |
| २. | सुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । |
| ३. | मधेश प्रदेशमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ ।<br>तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन । |
| ४. | सामुदायिक विद्यालयले आफ्नो नाममा रहेको विद्यार्थी ओसार्न प्रयोग गर्ने बस, मिनीबस तथा माईक्रोबसमा लाग्ने सवारी साधन करमा पचास प्रतिशत छुट हुनेछ। |
| ५. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछ । यसरी अग्रिम रूपमा पाँच बर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन |

| क्र.स. | व्यवस्था |
|---|---|
| | करमा दस प्रतिशत छुट हुनेछ। |
| ६. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| ७. | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| ८. | दश लाख रुपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले बैंकिङ प्रणाली बाट बिक्रेताको खातामा रकम जम्मा गरि वा एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नुपर्नेछ । |
| ९. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईएका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन।<br>तर त्यस्तो सवारी साधन अपाङ्गता बाहेक अन्यले प्रयोग गरेको पाईएमा छुट सुविधा पाइने छैन। |
| १०. | मधेश प्रदेशमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन |

| क्र.स. | व्यवस्था |
|---|---|
| | दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर वापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ।<br>तर यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरूलाई दिइने छैन। |
| ११. | सार्वजनिक यातायातका रूपमा सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले संचालन गर्ने सार्वजनिक बसहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिईनेछ । |
| १२. | ढुवानी कार्य संचालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने १० टन भन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरूले तिर्ने सवारी साधन करमा बीस प्रतिशत छुट दिईनेछ। |
| १३. | नेपाल सरकार, मधेश प्रदेश सरकार र स्थानीय सरकारले जफत गरी लिलाम विक्री गरेको सवारी साधनमा सो मितिभन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन। |
| १४. | प्रचलित कानून बमोजिम संचालन गर्न मिल्ने १० बर्ष भन्दा बढी चलेका लिलाम प्रक्रियाबाट दर्ता हुन आएका लिलामी |

| क्र.स. | व्यवस्था |
|---|---|
| | सवारी साधनलाई न्युनतम लिलाम मुल्यको थप पन्द्रह प्रतिशत दर्ता शुल्क लिई मात्र दर्ता गर्नुपर्नेछ। |
| १५. | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहहरुको नाममा दर्ता भएका सवारी साधन प्रचलित कानुन बमोजिम लिलाम गर्दा कर तिर्न बाँकी रहेछ भने बाँकी अवधिको सवारी साधन कर छुट गरी त्यस्तो सवारी साधनको दर्ता कितावबाट लगत कट्टा गरिने छ। |

## अनुसूची–३

### (दफा ४ सँग सम्बन्धित)

### मनोरञ्जन कर

<table>
<tr><th>सि.नं.</th><th colspan="2">विवरण</th><th colspan="3">मनोरञ्जन करको दर</th></tr>
<tr><td>१.</td><td colspan="2">चलचित्र प्रदर्शन गर्दा दर्शकहरुको प्रवेश शुल्कमा</td><td colspan="3">प्रदेश सरकारले तोके बमोजिम</td></tr>
<tr><td>२.</td><td colspan="2">क्यासिनो, जिम खाना, साउना तथा स्पा, मसाज, साँस्कृतिक प्रदर्शन, दोहोरी साँझ, डान्सवार, कन्सर्ट, नाटकघर, भिडियोघर, थियटर, पार्क आदि</td><td colspan="3">प्रदेश सरकारले तोके बमोजिम</td></tr>
<tr><td rowspan="4">३.</td><td rowspan="2">विवरण</td><td rowspan="2">कार्यक्रमको अवधि</td><td colspan="3">स्थानीय तह अनुसार करको दर (रुपैयाँमा)</td></tr>
<tr><td>महानगर/ उपमहानगर</td><td>नगरपालिका</td><td>गाउँपालिका</td></tr>
<tr><td rowspan="2">मेला (सर्कस, खेल समावेश मेला, जादु,</td><td>१ दिनको</td><td>३०००।-</td><td>२०००।-</td><td>१०००।-</td></tr>
<tr><td>२ देखि ७ दिनसम्म</td><td>१५०००।-</td><td>१०००० ।-</td><td>५०००।-</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | चटके | ८ देखि १५ दिनसम्म | २००००।- | १५००० ।- | १०००० ।- |
| | | १६ देखि ३० दिनसम्म | ३००००।- | २०००० ।- | १५००० ।- |
| | | ३० दिन भन्दा बढी | ६००००।- | ५०००० ।- | ४०००० ।- |

## अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

### पर्यटन शुल्क

### दर्ता तथा नवीवरण शुल्क

१. पर्यटकस्तरको होटल, पर्यटक आवास, लज, रेष्टुराँ तथा रिसोर्ट, पव तथा बार दर्ता तथा नवीकरण शुल्कः

| सि. नं. | होटलको किसिम | दर्ता शुल्क रु. | नवीकरण शुल्क रु. | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | म्याद भित्र | म्याद नाघेको | | | |
| | | | | तीन महिना सम्म थप | छ महिना सम्म थप | एक वर्ष सम्म थप | |
| क. | साधारण होटल | ५०००।- | ५०००।- | २५% | ५०% | १००% | |
| ख. | पर्यटक आवास (साधारण) | १०,०००।- | १०,०००।- | २५% | ५०% | १००% | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ग. | पर्यटक आवास (डिलक्स) | ४०,०००।- | ४०,०००।- | २५% | ५०% | १००% | |
| घ. | लज, रेष्टुराँ तथा रिसोर्ट, पव तथा बार | ५,०००।- | ५,०००।- | २५% | ५०% | १००% | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ङ. | डान्सबार, मोटल, कफिसप, साउना, ज्याकुजी सेन्टर, जीमक्लब, स्वीमिङ्ग पुल, हेल्थ क्लब, ब्युटी पार्लर, नाइट क्लब | ५०००।- | ५०००।- | २५% | ५०% | १००% | |

## २. एजेन्सीको दर्ता (इजाजत) शुल्क तथा नवीकरण शुल्कः

| सि. नं. | एजेन्सीको किसिम | इजाजत शुल्क रु. | नवीकरण शुल्क रु. | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | तीन महिना सम्म थप | छ महिना सम्म थप | एक वर्ष सम्म थप | |
| क. | साहसिक पर्यटन तथा जलयात्रा एजेन्सी | २५०००।- | २५०००।- | २५% | ५०% | १००% | |
| ख. | ट्रेकिङ्ग एजेन्सी | २५,०००।- | २५,०००।- | २५% | ५०% | १००% | |
| ग. | ट्राभल एजेन्सी | २५,०००।- | २५,०००।- | २५% | ५०% | १००% | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घ. | पर्यटक यातायत | २५,०००।- | २५,०००।- | २५% | ५०% | १००% | |

## अनुसूची–५

## (दफा ७ सँग सम्बन्धित)

## कृषि आयमा कर

१. वार्षिक दस लाख रुपैयाँसम्मको आयमा कर लाग्ने छैन।

२. त्यसपछिको दस लाख देखि बिस लाख रुपैयाँसम्मको आयमा एक प्रतिशतका दरले कर लाग्नेछ।

३. बीस लाख देखि पचास लाख रुपैयाँसम्मको आयमा एक दशमलब पाँच प्रतिशतका दरले कर लाग्नेछ।

४. वार्षिक पचास लाख रुपैयाँ भन्दा माथि जतिसुकै आय भए पनि दुई प्रतिशतका दरले आयमा कर लाग्नेछ

५. वार्षिक दस लाख रुपैयाँ भन्दा बढीको प्रारम्भिक कृषि उपजबाट आय आर्जन गर्नेले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित केन्द्रमा स्वयम् कर घोषणा गरी आय विवरण र सोमा लाग्ने कर सहित पेश गर्नुपर्नेछ। यसरी पेश हुन आएका विवरण तथा कर दाखिला सम्बन्धी विवरण सम्बन्धित केन्द्रले अर्को महिनाको मसान्तभित्र प्रदेश सरकार अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

## अनुसूची–६

## (दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## ढुंगा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क

| सि.नं. | विवरण | इकाई | दर प्रति |
|---|---|---|---|
| १. | ढुंगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा विक्री एवम् घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यूव मिटर | रु.१५० देखि रु.२०० सम्म |
| २. | माटो विक्री एवम् घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यूव मिटर | रु. ७५ देखि रु. १२५ सम्म |
| ३. | काठ दाउरा बिक्री | बिक्री मुल्य | १० % |

## अनुसूची–७

### (दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

### नदीजन्य पदार्थ प्रशोधन गरी ढुंगा, गिट्टी, बालुवा, माटो , दहत्तर बहत्तर उत्पादन गर्ने उद्योगमा लाग्ने शुल्क

| क.सं. | विवरण | शुल्क |
|---|---|---|
| | नदीजन्य पदार्थ प्रशोधन उद्योग दर्ता शुल्क रु. | |
| १. | क. ठूला उद्योग | १ लाख |
| | ख. मझौला उद्योग | ७५ हजार |
| | ग. साना उद्योग | ५० हजार |
| | नदीजन्य पदार्थ प्रशोधन उद्योग नवीकरण शुल्क (वार्षिक) | |
| २. | क. ठूला उद्योग | ३० हजार |
| | ख. मझौला उद्योग | २० हजार |
| | ग. साना उद्योग | १० हजार |

## अनुसूची–८

### (दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

### ढुंगा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तरको नियमन सम्बन्धी जरिवाना

| क्र.सं. | कसुरको किसिम | जरिवाना रु. |
|---|---|---|
| १ | नदीको वहाव वा पानी बगेको क्षेत्रमा प्रवेश वा उत्खनन् वा सङ्कलन गरेमा (प्रति मेशिन वा साधनको) | |
| | (क) मेशिन स्काभेटर व्याक हो लोडर | २५ हजार |
| | (ख) ट्रिपर वा ट्रक | १५ हजार |
| | (ग) मिनी ट्रक | १० हजार |
| | (घ) ट्याक्टर | ५ हजार |
| २ | बिना अनुमती मेशिनरी औजार प्रयोग गरी उत्खनन् गरेको पाइएमा | २५ हजार |
| ३ | तोकिएको भन्दा बढी गहिराइमा उत्खनन् गरेमा | ३० हजार |
| ४ | तोकिएको भन्दा बढी संख्यामा मेशिन प्रयोग गरेमा (प्रति मेशिन) | २० हजार |

| | | |
|---|---|---|
| ५ | बिहान ६ बजे अघि र बेलुका ७ बजे पश्चात उत्खनन् गरेमा | क्र.स. १ अनुसारकै जरिवाना |
| ६ | नदीको वहाव परिवर्तन गरी उत्खनन् गरेमा (प्रति मेशिन वा साधन) | २० हजार |
| ७ | निषेधित क्षेत्रमा साधन उत्खनन् वा संकलन गरेमा | ३० हजार |
| ८ | राजमार्ग र मुख्य सडकको अधिकार क्षेत्रमा संकलन वा सञ्चय गरेमा | ५० हजार |
| ९ | क्र.स. १ देखि ८ सम्मको कसुर पुनः दोहोऱ्याएमा | तोकिएको रकममा २५ प्रतिशत थप जरिवाना |
| १० | पानी, हिलो, धुलो वा गिट्टी चुहाउँदै, उडाउँदै वा झार्दै नदीजन्य स्रोतको ढुवानी गरेमा | ३ हजार प्रतिपटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |
| ११ | प्रत्येक पटकको अप्रशोधित सामाग्री | ३००० प्रति पटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |

| | | |
|---|---|---|
| | ढुवानीमा राजस्व तिरेको निस्सा र चलान पूर्जी साथमा रहेको नभेटिएमा | |
| १२ | प्रशोधित ढुङ्गा, गिटी, वालुवा, धुलोको हकमा प्रत्येक पटकको ढुवानी कार्यमा प्रशोधन उद्योगबाट जारी भएको छुटै भ्याट बिल तथा चलान पूर्जी साथमा रहेको नभेटिएमा | ३००० प्रति पटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |
| १३ | निजी जग्गाको अप्रशोधित सामाग्रीको ढुवानीका हकमा स्थानीय तहले जारी गरेको उत्खनन् अनुमतीपत्र, प्रत्येक पटकको चलान पूर्जी र राजस्व तिरेको निस्सा साथमा नभेटिएमा | ५०००प्रति पटक ,पटकेमा दोब्बर ,तेब्बर हुँदै जाने |
| १४ | प्रचलित कानूनले अनुमति दिएको वा क्षमता भन्दा बढी ढुवानी गरेमा | ५००० प्रति पटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |
| १५ | रुट तोकिएको भए तोकिदिएको बाहेक रुट, | ५००० प्रति पटक, पटकेमा |

| | | |
|---|---|---|
| | समय, गति वा संख्यामा ढुवानी गरेमा | दोब्बर, तेब्बर हुँदै जाने |
| १६ | जिल्ला अनुगमन समितिले मौज्दात प्रमाणित गर्दा खरिद विक्री परिमाणमा हिसाब मिलान नभएर कैफियत देखिएका सो बराबरको परिमाणमा जरिवाना | २१ रुपैयाँ ६६ पैसा प्रति घनफिट |
| १७ | खानीजन्य पदार्थको ढुवानी गर्दा प्रत्येक पटकको ढुवानीमा खानी सञ्चालनक वा खानीजन्य उद्योगको चलान पूर्जी विना ढुवानी गरेमा वा तोकिएको रुटभन्दा अन्यत्रबाट उत्खनन् गरिएको पदार्थ ढुवानी गरेमा | ५००० प्रति पटक, पटकेमा दोब्बर, तेब्बर हुँदै जाने |
| १८ | नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योगले प्रचलित कानून वा मापदण्ड विपरित क्रशिङ्ग, वाशिङ्ग वा अन्य प्रशोधन कार्य गरेमा | ठूला - ३० हजार<br>मझौला - २० हजार<br>साना - १० हजार |

| | | |
|---|---|---|
| | वा सो कार्य गर्ने उद्योग सञ्चालन गरेको पाइएमा (वार्षिक जरिवाना) | |
| १९ | कुनै नियकामा दर्ता नभई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा वार्षिक जरिवाना (सुरु मिति देखि गणना हुने गरी हाल सम्म) | ठूला - ३० हजार<br>मझौला - २० हजार<br>साना - १० हजार |
| २० | कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरेतापनि सम्बन्धित निकायबाट इजाजत नलिई नदीजन्य प्राकृतिक स्रोत साधन प्रशोधन उद्योग सञ्चालन गरेमा वार्षिक जरिवाना (सुरु मिति देखि गणना हुने गरी हाल सम्म) | ठूला - ३० हजार<br>मझौला - २० हजार<br>साना - १० हजार |
| २१ | कम्पनी दर्ता गरी, इजाजत लिइ उद्योग सञ्चालन गरे तापनि सम्बन्धित निकायबाट इजाजत नवीकरण नगरी उद्योग | ठूला - ३० हजार<br>मझौला - २० हजार<br>साना - १० हजार |

| | | |
|---|---|---|
| | व्यवसाय सञ्चालन गरेमा वार्षिक जरिवाना (इजाजत नवीकरण नभएको वर्ष देखि गणना हुने गरी) | |

## अनुसूची–९

### (दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

### शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा शिक्षण सञ्चालन दर्ता तथा नवीकरण शुल्कः

| क्र. सं. | दर्ता तथा नवीकरण | राजश्व दस्तुर कायम हुने समय अवधि | दस्तुर |
|---|---|---|---|
| १ | शैक्षिक परामर्श तथा भाषा शिक्षण केन्द्र दर्ता तथा अनुमति | क. कम्पनी राजिष्ट्रारको कार्यालयमा दर्ता भएको आर्थिक वर्ष भित्र दर्ता अनुमति माग निवेदन पेश भएमा | रु.५०००।- |
| | | ख. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको आर्थिक वर्ष भन्दा पछिल्ला आर्थिक वर्षमा पेश हुन आएमा प्रति आर्थिक वर्षका लागि प्रत्येक आर्थिक वर्ष | रु.५०००।- र ढिला भएको आर्थिक वर्षको लागि प्रत्येक आर्थिक वर्ष जरिवाना रु.५०००।- |
| २ | शैक्षिक परामर्श तथा भाषा शिक्षण | क. प्रत्येक वर्षको साउनदेखि असोज मसान्तभित्र | रु.५०००।- |

| | | | |
|---|---|---|---|
| | केन्द्र नवीकरण | नवीकरण दरखास्त पेश भएमा | |
| | | ख. असोज मसान्त भन्दा पछि सोही आर्थिक वर्ष भित्र दरखास्त पेश भए दोब्बर दस्तुर | रु. १००००।- |
| | | ग. सो अवधि भन्दा पछि प्रतिवर्ष | रु.१५०००।- |

प्रमाणिकरण मितिः २०८२।०३।३१

**आज्ञाले,**

**विमल प्रसाद बराल**

**प्रदेश सचिव**

**गृह, सञ्चार तथा कानून मन्त्रालय**